आदरणिय श्री रुद्र सिं तामांगज्यू
कार्यकारी प्रमूख
काठमाडौँ महा-नगरपालिका

यसपालीको बिनाशकारी भुकम्पले काठमाडौँ सहरको धेरै धन-जनको क्षेति भएकोमा माचुमोतो सहरका जनता र मेरो ब्यक्तिगत तर्फ बाट हार्दिक दु:ख ब्यक्त गर्न चाहन्छुँ । काठमाडौ, भगिनि सहर र मेरो मित्रको हैसियतले यसपालीको भुकम्प बाट पिडित भएका पिडित भएका प्रति दु:ख ब्यक्त गर्नुको साथै परिवारजन गुमाएका नागरिकको लागि माचुमोतो सहरको प्रतिनिधिको नाताले हार्दिक समबेदना ब्यक्त गर्दै सहकार्यको इच्छा ब्यक्त गर्न चाहन्छुँ ।

कार्यकारी प्रमूखज्यू र यहाँ उपस्थित महिला तथा सज्जन बृन्द, यस्तो विपतमा तपाँईहरु सबै मिलेर चाँडो पूननिर्माणको लागि जुटेको कुरा हामीलाई थाहा छ । यसपालीको कठीन समयमा हामी माचुमोतो सहरको जनताको मन काठमाडौँ सहरको जनता तपाँइहरु संगै छ ।

भुकम्पको खबर थाहा भएपछि हामी माचुमोतो सहरका जनताले तुरुन्तै राहत कोष उठाउन थाल्यौ । भगिनि सहर भएकोले २० लाख येनको राहत तत्कालै निर्णय गर्यौ । त्यसपछि माचुमोतो सहरको नगर परिषदको बैठकमा पनि यस कुरा राख्दा नेता, सम्बन्धित संस्थाहरु तथा माचुमोतो सहरका दुइ लाख चालिस हजार जनताको तर्फ बाट जम्मा भएको थप असि लाख येन गरी जम्मा एक करोड जापानी येन जम्मा गर्न सफल भयौ । यसपछि पनि भगिनि सहरको नाताले अरु थप राहत जम्मा गर्ने काम भैरहेको छ । हाललाई यस १ करोड येनको रकम काठमाडौँ सहरलाई हस्तान्तरण गर्न चाहन्छुँ । हुन त यो सहयोग रकम म आफै नेपाल आएर आफै हस्तान्तरण गर्न चाहन्थेँ, तर मेरो कार्य ब्यस्तताको कारणले मेरो प्रतिनिधि पठाएको छुँ । काठमाडौँ सहर र माचुमोतो सहर सन् १९९० सालमा भगिनि सहरको नाता गाँसेको २६ बर्ष पुगेको छ । अहिले सम्मको सम्बन्ध बाट माचुमोतो सहरका धेरै जनताले काठमाडौँ सहरको भ्रमण गरी काठमाडौँ सहरको बारे धेरै जानकारी हासील गर्न पाएका छन् र दुइ सहर बीच मैत्री सम्बन्ध बढाउन सफल भएको छ ।

आज दिने यो राहत रकमले शैक्षिक वातावरण सुधार्न र सामाजिक कार्यको लागि खर्च गरिने छ भन्ने आशा गर्दै काठमाडौँ सहरको छिटो भन्दा छिटो पूननिर्माण हुने आशा गर्दै हाम्रो दुइ सहर बीचको सम्बन्ध अझ प्रगति होस् भन्ने सन्देश दिन चाहन्छुँ, धन्यवाद ।

**सुगाया आकिरा**
**मेयर**
**माचुमोतो सहर**